नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०८२/८३
चलानी नं.:- १२४९

मिति: २०८२/०९/१६

विषय: रमाना सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/प्रदेश/स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्), मन्त्रालय, आयोग, सचिवालय तथा कार्यालयहरुबाट विभिन्न मितिमा निजामती सेवा ऐन, २०४९ को दफा १५ (१) बमोजिम पदस्थापना, दफा १८ बमोजिम सरुवा तथा काज, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(९) र दफा ११ (२) बमोजिम कामकाज तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाइएको छ । यसरी खटाइएका सङ्घीय निजामती कर्मचारीहरु पदस्थापना/सरुवा/काज/कामकाज तथा काज फिर्ता गरिएका निकाय/कार्यालयमा निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना हुनु पर्ने कानूनी व्यवस्था रहेकोमा हालसम्म पनि रमाना नदिइएको/नलिएको कारण सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको तथा कर्मचारी व्यवस्थापन समेत प्रभावित भएको हुँदा तत् तत् कर्मचारीहरुलाई ३ (तीन) दिन भित्र रमाना दिई सोको जानकारी यस मन्त्रालयमा पठाउनु हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८२/०९/१६ गतेको निर्णयानुसार अनुरोध छ ।

२०८२/०९/१६

(सुदिप सापकोटा)
शाखा अधिकृत

<u>सादर अवगतार्थ:</u>

माननीय मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।
श्रीमान् मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार।